## सिमान्तकृत, विपन्न महिला, मुक्त कमैया वर्ग लक्षित पशुपालन (भेडा बाखा, बंगुर, हांस, कुखुरा) मा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रस्तावना: पशुपालनको क्षेत्रमा सिमान्तकृत वर्गको परम्परागत ज्ञान र सिपको सदुपयोग तथा उनिहरुको भुमिका र संलग्नतालाई मूलप्रवाहीकरण र सशक्तिकरण गर्न तथा प्रदेश नं. ५ को आर्थिक वर्ष २०७५/०७६ को नीति कार्यक्रमको बुँदा नं. ६३ मा अव्यवस्थित बसोबासी हलिया, हरुवा, चरुवा तथा मुक्त कमैया लक्षित सीप विकास तालिम एवं व्यवसाय गर्नका लागि प्राविधिक एवं वित्तीय सहयोग उपलब्ध गराइने उल्लेख भएको साथै प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७५/०७६ को कार्यक्रममा समेत सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालन (भेडा बाखा, बंगुर, हांस, कुखुरा) रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" बनाई लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालन (भेडा बाखा, बंगुर, हांस, कुखुरा) मा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले "सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले अनुसूची ४ अनुसार गठित समिति सम्झनु पर्नेछ।

३. उद्देश्यहरुः यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(क) सिमान्तकृत समुदाय लक्षित पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई पशु पालनका क्षेत्रमा सशक्तिकरण तथा मूलप्रवाहीकरण गर्ने।

(ख) लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।

(ग) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्वारा जीविकोपार्जनमा सुधार ल्याउने।

(घ) सिमान्तकृत समुदाय लक्षित कार्यक्रमलाई मितव्ययी प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालनसम्वन्धी

४. कार्यक्रमको क्षेत्र : आ.व. २०७५/७६ मा यो कार्यक्रम प्रदेश सरकार, प्रदेश नं. ५ अन्तरगतका बहुआयामिक गरिबी भएका ४ जिल्लाहरु( बाँके, बर्दीया, दाङ्ग, कपिलवस्तु) का ४० समूहमा सञ्चालन हुनेछ भने कार्यक्रमको प्रभावकारीता, आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आगामी आर्थिक वर्षहरुमा प्रदेश अन्तरगत अन्य जिल्लाहरुमा पनि विस्तार गर्न सकिनेछ ।

५. कार्यक्रमका विषयगत क्षेत्रहरु: कार्यक्रमका विषयगत क्षेत्रहरु देहायबमोजिम हुनेछन्।

(क) बाख्रापालन कार्यक्रम

(ख) वंगुरपालन कार्यक्रम

(ग) स्थानीय वा ग्रामिण कुखुरापालन कार्यक्रम

(घ) भेडापालन कार्यक्रम

(ङ) हांसपालन

६. कार्यक्रम सञ्चालन प्रकृया: (१) कार्यक्रम विनियोजित बजेट अनुरुप भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट कार्यान्वयन हुनेछ।

(२) भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले बाख्रा, वंगुर, हांस, भेंडा र कुखुरा पालन कार्यक्रम संचालनका लागि स्थानिय निकायको समन्वयमा उपयुक्त स्थानहरु छनौट गर्ने छ।

(३) भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अनुसुची १ अनुसारको ढाँचामा कार्यक्रम संचालनको लागि सुचना प्रकाशन गर्ने छ ।



सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नपाल

(४) छनौट भएका स्थानीय तह भित्रका दलित, महिला, मुक्त कमैया लगायतका सिमान्तकृत कृषकले अनुसूची २ अनुसारको निवेदन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको निकायमा दिन सक्नेछन ।

(५) पेश भएका निवेदनहरु मूल्याङ्कन समितिवाट छनौट गरी आदवेकलाई जानकारी गराईनेछ ।

(६) कार्यक्रम सञ्चालन गर्न छनौट भएको स्थानमा कम्तीमा १० जना कृषकको समुह गठन गर्ने सोही स्थानमा पुरानो समुह/सहकारी भएमा सोही समुह/सहकारीलाई परिचालन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ।

(७) यसरी छनौट भएका समूह/सहकारीहरुले अनुदान रकमको ६०% रकम पशुपन्छी खरिद कार्यमा र ४०% रकम व्यवस्थापकिय पक्षमा खर्च गर्नुपर्ने छ। कुल लागतको कम्तिमा १0% रकम कृषक समूह सहकारीले व्यहोर्नु पर्नेछ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन र भुक्तानी प्रक्रिया

७. कार्यक्रमका क्रियाकलापहरु: (१) कार्यक्रमको क्रियाकलापहरु समुहको आवश्यकता, स्थानीय सम्भाव्यताको आधारमा विषयगत क्षेत्रहरु समेटिने गरी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सँग हुने सम्झौतामा उल्लेख भएवमोजिम हुने छ।

८. भुक्तानी विधिः (१) सम्झौता पश्चात कुल अनुदान रकमको ५० प्रतिशत नवढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत उपलव्ध गराउन सक्ने छ।

(२) अनुदानग्राहीले अन्तिम भुक्तानीको लागि सम्झौता अनुसार कार्यसम्पादन कागजात सम्लग्न राखी कार्यालयमा पेश गर्नुपर्ने छ।

(३) कार्यालय प्रमुखले कार्य प्रगतिको अवस्थाको वारेमा वुझ्न स्थलगत निरीक्षणका लागि कर्मचारी खटाउन सक्नेछ। निरिक्षणवाट प्राप्त रिपोर्टको आधारमा कुल अनुदान रकमवाट प्रचलित कानुनवमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी अनुदान ग्राहीको वैक खातामा चेक जम्मा गर्नुपर्ने छ।

९. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश न. ५, प्रदेश सरकारको सार्वजनिक खर्चको



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

सचिव

मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि २०७५, तथा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, मन्त्रालयले तोकेको कार्यालयहरु र स्थानीय तहहरुले गर्नेछन् । समूहले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

११. <u>थपघट वा हेरफेर गर्न सक्ने:</u> (१) यस कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस निर्देशिकमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

**अनुसूची १**

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**रुपन्देही, बुटवल ।**

**निवेदन आव्हानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति : .............

यस........................कार्यालयको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिमान्तकृत, विपन्न ,महिला, मुक्त कमैया वर्ग लक्षित पशुपन्छी पालन कार्यक्रम सञ्चालन गर्न इच्छुक सम्वन्धित कृषक समुहहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० दिनभित्र अनुसूची २ को ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सम्वन्धित गाउपालिका वा नगरपालिकावाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला/ दलित जनजाती अपाङ्ग लगायत सिमान्तकृत वर्गको पहिचान हुने सिफारिसपत्र ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं.५ बुटवल, नेपाल

सचिव

अनुसूची २

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दिने आवेदन पत्रको ढाँचा।

श्री कार्यालय प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
..................................

विषय : कार्यक्रममा सहभागी हुन पाँउ भन्ने बारे।

महोदय,

मलाई पशुपन्छी पालनमा सहयोग प्राप्त गरी ............................................................ कार्य गर्न ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
२.सम्वन्धित गाउँपालिका वा नगरपालिकावाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला दलित जनजाती अपाङ्ग लगायत सिमान्तकृत वर्ग पहिचान हुने सिफारिस पत्र।
३.संक्षिप्त कार्ययोजना।

निवेदकको
नामः
दस्तखत :
संस्था/व्यक्तिः
ठेगानाः
सम्पर्क नम्बर :

सचिव

अनुसूची ३

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

समझौता पत्रको नमूना

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र..................को आर्थिक बर्ष २०७......।०७...... को स्विकृत बार्षिक कार्यक्रम अनुसार सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालन (भेडा बाखा, बंगुर, हांस, कुखुरा) कार्यक्रम सञ्चालन गर्ने प्रदेश सरकार, प्रदेश नं. ५, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, यसपछि प्रथम पक्ष भनिने) र श्री ..............................................., (यसपछि दोश्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपशिल

१. प्रथम पक्षले सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशुपालन कार्यक्रमको लागि विनियोजित रु ............................. दोश्रो पक्षलाई रु.................. (अक्षरुपी ..................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ । बाँकी रकम दोश्रोपक्ष आफैले लगानी गर्ने छ ।

२. सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, विपन्न, महिला, मुक्त कमैया वर्ग लक्षित पशु पालन कार्यक्रम ..........................................................................मा सञ्चालन गरिने छ ।

३. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसार गुणस्तरिय जनावर तथा बस्तु आफैले खरिद गरी नियमानुसारको बिलभरपाई, दाखिला प्रतिवेदन, सिफारिस गरेको

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्ने छ ।

५. प्रथम पक्ष आफैले वा तोकको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा अनुदान रकम दोश्रो पक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ ।

७. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकेको कार्यालयमा तोकिएको समयमा उपलब्ध गराउनु पर्ने छ ।

८. कार्यक्रम सँचालित स्थानमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम ठेगाना लाभान्वितहरुको विवरण सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ ।

९. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

१०. कार्यक्रम संचालनका दौरान कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभइ रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ।

१३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

दोश्रो पक्षको तर्फवाट

हस्ताक्षर

प्रथम पक्षको तर्फवाट

हस्ताक्षर

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| सस्थाको छापः | कार्यालयको छापः |
| रोहवर | |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवस्यकता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।

सचिव

## अनुसूची ४

### मूल्याङ्कन समिति

| | |
|---|---|
| प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सयोजक |
| अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि, कृषि ~~विज्ञ~~ ज्ञान केन्द्र | सदस्य |
| पशु चिकित्सक, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| पशु विकास अधिकृत, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

नोटः निर्णय प्रक्रियामा आवश्यकता परेमा समितिले वढीमा ३ जना सम्म सम्वन्धित विषयको विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछन्।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल